# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिको कार्यालय
## सरमथली , रसुवा
### बागमती प्रदेश, नेपाल

नौकुण्ड गाउँपालिकाको विनियोजन विधेयक, २०७७

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरमथली,रसुवा
बागमती प्रदेश नेपाल
२०७३

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

नौकुण्ड गाउँपालिकाको विनियोजन विधेयक, २०७७

नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक

प्रस्तावना : नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नौकुण्ड गाउँपालिकाको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः** (१)यस विधेयकको नाम "नौकुण्ड गाउँपालिकाको विनियोजन विधेयक, २०७७" रहेको छ ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७७०७८ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०७७०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च गाउँपालिकातर्फ रु ४ करोड ४२ लाख ८० हजार, चालु खर्च वडा कार्यालयतर्फ ३६ लाख, विषयगत शाखा तर्फ रु २ करोड ९० लाख ७१ हजार ९६०, पूँजिगतखर्च गाउँपालिका तर्फ रु ३ करोड ३ लाख, वडा समिति अन्तर्गत रु ५ करोड ३१ लाख , गरी जम्मा रकम रु १६०३५१९६० (अक्षेरुपी सोह्र करोड तीन लाख एकाउन्न हजार नौ सय साठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

(२) शसर्त , समपूरक तथा विशेष अनुदान अनुसूची २ बमोजिम हुनेछ ।

३. **विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७०७८ को निमित्त "नौकुण्ड गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) दफा २ बाहेक संचित कोषमा प्राप्त भएका रकम, प्राप्त अख्तियारी तथा कार्यपालिकाको स्विकृती अनुसार खर्च गर्न सकिनेछ ।

सभाध्यक्ष

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ४४२८०००० | ३०३००००० | | ७४५८०००० |
| २ | | वडा समिति | ३६००००० | ५३१००००० | | ५६७००००० |
| ३ | | बिषयगतशाखा | २९०७१९६० | | | २९०७१९६० |
| कूल जम्मा | | | | | | १६०३५१९६० |

गाउँपालिका अध्यक्ष

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रसुवा
बागमती प्रदेश नेपाल

अनुसूचि-२

(दफा२ सग सम्बन्धित)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नेपाल सरकार शसर्त अनुदान | | | | १३०४००००० |
| २ | | प्रदेश सरकार समपुरक अनुदान | | | | १०००००००० |
| ३ | | प्रदेश सरकार विशेष अनुदान | | | | ४०००००० |
| ४ | | प्रदेश सरकार शसर्त अनुदान | | | | १८७७९००० |
| कूल जम्मा | | | | | | १६३१७९००० |

गाउँपालिका अध्यक्ष